नगर सन्देश

कीर्तिपुर नगरपालिका · विश्व नगरयात्री · भीगु किपू स्वच्छ किपू

नगर सन्देश वा:पौ (साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अङ्क ३६ ● ने.सं. ११४० दिल्ला ३० (आमै) ● वि.सं. २०७७ साउन ५ गते, सोमबार ● 2020 July 20, Monday ● पृष्ठ ८

अनलाइन संस्करण


# संघीय सरकारका मन्त्रीद्वारा कीर्तिपुर निरीक्षण भ्रमण

यही साउन २ गते शुक्रवार संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय वसन्त कुमार नेम्वाङ्गले कीर्तिपुर नगरपालिकामा निरीक्षण भ्रमण गर्नुभएको छ। माननीय मन्त्री नेवाङ्गलाई कीर्तिपुर नगरपालिकाको नयाँ भवन अमल्सिमा नगर प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्का, पूर्व राज्यमन्त्री दिलिप महर्जनलगायतले स्वागत गर्नुभएको थियो। स्वागत कार्यक्रममा नगर प्रमुख महर्जनले सिंह दरवार (संघीय सरकार) र हेटौंडा (प्रदेश सरकार)ले कीर्तिपुरलाई हेर्ने दृष्टिकोण टाढा रहेकोले माननीय मन्त्रीले यसलाई नजिक बनाई कीर्तिपुरको विकासमा सहयोग गर्न अपेक्षा गर्नुभयो। साथै कीर्तिपुरमा बनाउन लागेको स्मार्ट स्ट्रीट लाइट (नगर उज्यालो कार्यक्रम)को अवधारणा पत्र (DPR) हस्तान्तरण पनि गर्नुभयो।

लकडाउनको समयलाई सदुपयोग गरी काठमाडौंका अधिंकाश सडकहरूलाई बनाई रंग रोगन समेत गरेर प्रशंसा पाएका माननीय मन्त्रीले हालको समयमा पनि प्राय बिदाको दिन पारी शुक्रबार र शनिबार स्थानीय स्तरमा भैरहेको भौतिक निर्माणको निरीक्षण गर्ने योजना बनाएको र यसको शुरुवाट कीर्तिपुरबाट गरेको बताउनु भयो। कार्यक्रममा कीर्तिपुरलाई सरकारले सहयोग गर्ने बताउँनु हुँदै स्मार्ट स्ट्रीट लाइट (नगर उज्यालो कार्यक्रम) को लागि अत्यावश्यक (DPR)तयार गरिसकेकोले यो नगरपालिका अरु भन्दा एक कदम अघि बढेको भन्दै प्रशंसा समेत गर्नुभयो।



माननीय मन्त्री नेम्वाङ्ग कीर्तिपुर नगरपालिका भवन, अमल्सिबाट नगाउँ हुँदै चम्पादेवीमा रहेको नेपाल कम्यूनिष्ट पार्टीका संस्थापक महासचिव क.पुष्पलालको प्रतिमा रहेको पुष्पलाल स्मृति पार्क पुगी फूलगुच्छा चढाउनु भयो। यस बीच बाटोमा परेको वडा नं. ९ नगाउँमा बनाइरहेको रिटेलिङ्ग वाल तथा ढल निकास योजनाको स्थलगत निरीक्षण पनि गर्नु भएको थियो।

पुष्पलाल स्मृति पार्क, चम्पादेवीबाट फर्की वडा नं. ३ को धःपा हुँदै दीखु पुग्नु भयो। दीखुमा गत २०७६ साल पुष १२ गते आफैले शिलान्यास गरेको कीर्तिपुर-चन्द्रागिरि जोड्ने मितेरी पुलको निरीक्षण गर्नु भयो। सो पुल २०७७ जेठ मसान्तसम्ममा सम्पन्न गर्ने योजना रहेको भए तापनि लकडाउनका कारण सो योजना पूरा हुन सकेको छैन।

माननीय मन्त्री नेम्वाङ्गलाई कीर्तिपुरको सबभन्दा उचाइमा रहेको ऐतिहासिक तथा पर्यटकीय स्थल क्वाःच्व (उमा महेश्वर मन्दिर) को भ्रमण गराइएको थियो। वडा नं.२ मा रहेको उक्त स्थानमा स्थानीयले टिका लगाई स्वागत गर्नभएको थियो। सो स्थानबाट माननीय मन्त्री नेम्वाङ्गले काठमाडौंको रमणीय दृष्य अवलोकन गर्नुका साथै ऐतिहासिक गं (घण्टा) पनि बजाउनु भएको थियो।

तात्कालीन कीर्तिपुर राज्यको लाय्कू (दरवार स्क्वायूर) अवलोकन पश्चात वडा नं. १ कार्यालयमा समापन कार्यक्रम भएको थियो। समापन कार्यक्रममा नगर उप-प्रमुख खड्काले धन्यवाद् दिनु भएको थियो भने नगर प्रमुख महर्जनले माननीय मन्त्री नेम्वाङ्गलाई मायाको चिनोको स्वरुप कीर्तिपुरको आस्थाको केन्द्र, बाघ भैरव मन्दिरको फोटो प्रदान गर्नुभएको थियो।

कीर्तिपुर निरीक्षण भ्रमणमा माननीय मन्त्रीका साथमा संघीय सांसद् कृष्ण गोपाल श्रेष्ठ, विना श्रेष्ठलगायत सम्मिलित हुनुहुन्थ्यो।


**कीर्तिपुर नगरपालिका**

कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!

बैंकको नाम
राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा

खाताको नाम
कीर्तिपुर नगरपालिका आकस्मिक कोष
खाता नं.
१७०००३०७०२०००२

## सम्पादकीय

### सुरक्षित रहेर धार्मिक तथा साँस्कृतिक चाडपर्व मनाऔं

साउन लागेसँगै यस वर्षको विभिन्न महत्त्वपूर्ण चाडपर्वहरू प्रारम्भ भएको छ। धर्म र संस्कृतिसँग जोडिएका चाडपर्वहरू मानवजीवनको अभिन्न अवयव हुन्। मानवजीवन कै अभिन्न अङ्ग भएका कारण प्रत्येक व्यक्तिले आफ्नो समाजमा परम्परागत रुपमा चल्दै आएका चाडपर्वहरू आ-आफ्नो क्षमताअनुसार मनाउनु, मनाउन खोज्नु उसको नैसर्गिक अधिकार हो। यसबाट कसैलाई पनि अलग गर्न खोज्दा उनीहरूको असन्तुष्टि विभिन्न प्रकारले अभिव्यक्त हुनु पनि स्वभाविक नै हुन्छ। त्यसैले त्यस्ता चाडपर्व लगायत धार्मिक तथा साँस्कृतिक उत्सवलाई सम्पूर्ण रुपमा बन्देज लगाउन हुँदैन। त्यसो गरियो भने जनताको असन्तुष्टि विष्फोट हुन सक्छ।

एकातिर अब लगत्तै गाइजात्रा, श्रीकृष्ण जन्माष्टमी, तीज लगायतका चाडपर्वहरू प्रारम्भ हुँदैछ। अर्को तर्फ कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणको विश्वव्यापी महामारीले सिँगै विश्वसहित नेपाल पनि अछुतो छैन। यो कठीन समयमा नेपालीको दैलोमा आइरहेका चाडपर्व सुरक्षित किसिमले मनाउनु अत्यन्त जरुरी छ किनभने विगतमा सहज परिस्थितिमा जस्तै किसिमले यस्ता चार्डपर्वहरू ठूलो सङ्ख्यामा जम्मा भएर मनाउनतिर लाग्ने हो भने कोभिड-१९ को संक्रमण अझ व्यापक हुन सक्ने सम्भावना रहेको छ। यही कारण कीर्तिपुर नगरपालिकाले विभिन्न सरोकारवालाहरूसँग आवश्यक छलफल गरी नगरी नहुने धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरू सुरक्षाका उपायहरू अवलम्बन गरी भिडभाड नहुने किसिमले गर्ने सहमति गरेको छ तर समारोह आयोजना गर्न ठूलो सङ्ख्यामा जन समुदाय जम्मा हुनु पर्ने र दर्शक पनि ठूलो सङ्ख्यामा सहभागी हुने कार्यक्रमहरू नगर्न समेत अनुरोध गरेको छ।

कीर्तिपुर नगरपालिकाले यसरी सुरक्षित रहेर धार्मिक तथा साँस्कृतिक चाडपर्व मनाउने वातावरण तयार गरेर समाजमा देखिएको अन्यौल समाप्त गरेको छ। जीवन रहे यस्ता अवसर आगामी दिनमा पनि आउने बुझेर आफ्नो आफ्नो जाति समाज र समुदायमा मनाइने सबै खाले जात्रा पर्व चाडपर्वहरू सुरक्षाका उपाय अवलम्बन गरेर मात्र मनाउन नगरपालिकाले गरेको अनुरोध पालना गर्न नगर सन्देश परिवार सम्पूर्ण कीर्तिपुरबासीहरूमा हार्दिक अनुरोध गर्दछ।

# स्थानीय स्तरमा प्रकोपको प्रभाव र व्यवस्थापन - २

**हर्षमान महर्जन**

स्थानीय तहमा अब जीविकोपार्जनका वैकल्पिक आधार तयार गर्न प्रभावित समुदाय र सरोकारवाला निकाय तथा संस्थाहरूबीच समन्वय र सहकार्य आवश्यक छ। जोखिम न्यूनीकरण कार्यलाई समुदायका कार्यक्रमसँग नजोडिएको खण्डमा ती कार्यक्रमबाट प्रभावकारी उपलब्धी हासिल हुनेमा आशंका हुन्छ नै। प्रकोपका कारण, प्रभाव र पुनरावृत्तिको अवस्था अनुरुप स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्नका लागि विधिलाई अझ प्रभावकारी बनाउने औजारको रुपमा विकास गर्नु र यस्का निम्ति व्यापक अध्ययन तथा विश्लेषण गरी एकीकृत रणनीतिको तर्जुमा र कार्यान्वयन गर्नु प्रकोप जोखिम न्यूनीकरणको एक अभिन्न अङ्ग भइसकेको छ। त्यसैले प्रकोपबाट निम्तिने विपद्को कारण पत्ता लगाउने, समुदायमा समयमा नै विपद् जोखिमलाई न्यूनीकरण गर्नका लागि आवश्यक ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गराउने, पूर्व सूचना प्रणाली स्थपना गर्नुको साथ साथै क्षति न्यूनीकरणका लागि आवश्यक संरचनाहरू तयार गरी समुदायको जीविकोपार्जनमा सहयोग पुग्ने क्रियाकलाप अगाडि बढाई विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको विपद्सँग सामाना गर्ने क्षमता र अनूकुलन क्षमता बढाउनु अति आवश्यक भइसकेको अवस्था छ। यस्तो संवेदनशील विषयमा कीर्तिपुर नगरपालिकाले सरोकारवालासँग समन्वय गरी बेलैमा गम्भिरतापूर्वक आवश्यक समन्वय, सहकार्य तथा सहयोगका भावना विकास गर्नु आवश्यक छ।

> **मेरो धारणा**
>
> 
>
> कीर्तिपुर नगरपालिकामा यसरी पाठ्यपुस्तक ल्याउने योजनाका साथ विद्यमान विपद् तथा त्यसको जोखिम न्यूनीकरण गर्नका लागि विद्यार्थीहरूको ज्ञान फराकिलो बनाउन र विपद्को सामना गर्न क्षमताको विकास गराउन र विद्यालयमा हुन सक्ने सम्भाव्य विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न आजैदेखि कीर्तिपुर नगरपालिका पूर्वतयारीमा लागौं।

अन्तमा, प्रकोप जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनूकुलनलाई मूल प्रवाहीकरण गर्नका लागि स्थानीय तहको अहं भूमिका रहने हुनाले कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी एवं सरोकारवालाहरूमा प्रकोप जोखिम न्यूनीकरणका हरेक चरणमा गर्ने कार्यहरू,जलवायु परिवर्तनका अनूकुलताको लागि गर्ने कार्यहरू सम्बन्धमा भविष्यका कर्णधार विद्यार्थीहरूलाई उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्नु अपरिहार्य छ भने कीर्तिपुर नगरभित्र रहेका सम्पूर्ण विद्यालयहरूलाई प्रकोप जोखिमबाट बचाउने उपाय अपनाउनु पनि त्यतिकै आवश्यक छ। त्यसैले कीर्तिपुर नगरपालिकाले स्थानीय विपद् व्यवस्थापन ऐनले दिएको अधिकार प्रयोग गरी प्रकोप पूर्वतयारी हाम्रो आवश्यकता नामक पाठ्यपुस्तक तयार गरी विद्यालयमा अध्यापनको बेलामा विद्यार्थीहरूलाई भूकम्पलगायत अन्य प्रकोपबाट कसरी सुरक्षित हुने, विद्यालय भवन भूकम्पीय सुरक्षा उपाय कसरी अपनाउने, अन्य प्रकोप पछि खोज तथा उद्धार, प्राथमिक उपचार लगायत अरु उपाय अपनाई विद्यालयका शिक्षक शिक्षिकाहरूले र विद्यार्थीहरूले कसरी प्रभावकारी सुरक्षा अपनाउने भन्ने विषयमा पूर्व सूचना प्रणालीको ज्ञान र सीप प्रदान गरी पूर्वतयारी योजना कार्यन्वयन गरिएको खण्डमा विद्यालय मार्फत समग्र समुदायको भलो हुनेछ भने विभिन्न अध्ययनले देखाएको छ। साथमा कीर्तिपुर नगरपालिकामा यसरी पाठ्यपुस्तक ल्याउने योजनाका साथ विद्यमान विपद् तथा त्यसको जोखिम न्यूनीकरण गर्नका लागि विद्यार्थीहरूको ज्ञान फराकिलो बनाउन र विपद्को सामना गर्न क्षमताको विकास गराउन र विद्यालयमा हुन सक्ने सम्भाव्य विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न आजैदेखि कीर्तिपुर नगरपालिका पूर्वतयारीमा लागौं।

***समाप्त***

*(लेखक नगर स्तरीय विपद् तथा जलवायु उत्थानशीलता समितिका विज्ञ हुन्।)*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीर्तिपुर नगरपालिकाको सातौं नगरसभा सम्पन्न

# १ अर्ब १४ करोडको बजेट पारित



आर्थिक वर्षको अन्तिम दिन गत असार ३१ गते कीर्तिपुर नगरपालकाको सातौँ नगरसभा सम्पन्न भएको छ। गत असार १० गते कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन र उप-प्रमुख सरस्वती खड्काले संयुक्त रुपमा पानसमा दीप प्रज्वलन गरी शुरु भएको यस नगरसभाको पहिलो चरणमा नीति तथा कार्यक्रम र अनुमानित बजेट प्रस्तुत गरिएको थियो। प्रस्तुत नीति तथा कार्यक्रम र अनुमानित बजेत उपर असार १७ गते दोश्रो चरणको सभामा छलफल गरी नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गरिएको थियो। असार २५ गते भित्र बजेत सहित सम्पन्न गर्नुपर्ने भए तापनि स्थगित भई अन्तिम दिन असार ३१ गते नगरसभा सम्पन्न गरेको छ।

नगर प्रमुख रमेश महर्जनको सभाअध्यक्षतामा भएको अन्तिम चरणको नगरसभामा उप-प्रमुख सरस्वती खड्काले आ.व. २०७७/०७८ को बजेट प्रस्तुत गर्नुभएको थियो। बजेटमा चालु तर्फ ४८ करोड २५ लाख १५ हजार र पूँजीगत तर्फ नगरपालिकाले ५५ करोड १९ लाख ९९ हजार र १० वटै वडा मार्फत रु.११ करोड गरी जम्मा १ अरब १४ करोड ४५ लाख १४ हजारको बजेट प्रस्तुत गर्नुभएको थियो।

प्रस्तुत बजेटमाथि १० वटै वडाका अध्यक्षहरूले छलफलमा भाग लिएका थिए। प्रत्येक वडा अध्यक्षले प्रस्तुत बजेटका बारेमा आफ्नो धारणा राख्दै आफ्नो वडाको बजेट समेत प्रस्तुत गरिएको थियो। यसपाली प्रत्येक वडामा साविक ९० लाखबाट बढाई १ करोड बजेट विनियोजन गरिएको छ भने भौगोलिक रुपमा ठूला दुईवटा वडा (वडा नं. ४ र ६) लाई प्रत्येकलाई १ करोड ५० लाख बिनियोजन गरिएको छ।

उप-प्रमुख खड्काले प्रस्तुत गर्नुभएको उक्त बजेटलाई छलफल पश्चात पारित भएको सभाअध्यक्ष तथा नगर प्रमुख महर्जनले घोषणा गर्नुभयो।

कीर्तिपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्यले सञ्चालन गर्नु भएको कार्यक्रममा विभिन्न प्रस्तावहरू पनि पारित गरिएको छ। पहिले नै नगरसभाबाटै पारित गरिसकेको कर्मचारीहरूको तहमिलान बारे वडा नं. ७ का अध्यक्ष राजकुमार मालीले असन्तुष्ट व्यक्त गर्दै तुरुन्त कार्यान्वयन गर्न माग गर्नुभयो। यसबारे सम्बोधन गर्नुहुँदै उप-प्रमुख खड्काले ५ वर्ष सेवा गरिसकेका प्रत्येक कर्मचारीलाई १ तह मिलान गर्ने घोषणा गर्नुभयो।

सभाअध्यक्ष तथा प्रमुख महर्जनले कर्मचारीको तह मिलान सम्बन्धी पहिले नगरसभाले निर्णय गरेको भए तापनि त्यसबेला प्रदेश सरकारले कानुन बनाउने भन्ने आएकोले आफूहरू केही पछि परिरहेको अवस्थामा अहिले तुरुन्तै प्रदेश सरकारबाट त्यस्तो कुनै कानुन नबन्ने भएकोले उप-प्रमुखले घोषणा गरे बमोजिम ५ वर्ष सेवा गरिसकेका कर्मचारीलाई १ तह मिलान गर्ने निर्णय गर्नुका साथै सातौं नगर सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद् दिँदै सभा विसर्जन गर्नुभयो।

**अनुसूचि - १**
(दफा २ सँग सम्बन्धित)

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | २३५००० | ५५१९९९ | | ६९६९९९ |
| २ | | वडा समिति | ० | ११०००० | | ११०००० |
| ३ | | बिषयगत शाखा | २४७५१५ | ० | | २४७५१५ |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | ० |
| ५ | | लगानी (शेयर/ऋण) | | | | ० |
| | कुल जम्मा | | ४८२५१५ | ६६१९९९ | ० | ११४४५१४ |

# सायाःया मू जात्रा मयायेत किपू नगरपालिकाया इनाप

## दाफा संस्कृतियात निरन्तर ग्वहालि





नेवाःतय्‌गु मौलिक नखःत गथांमुगःनिसें शुरु जुइगुलिं कोरोना भाइरस (कोभिड-१९) या हुनिं थुगु किपू नगरपालिकाय् नखःचखःलिसें सापारू (सायाः) यात गुकथं हनेगु धइगु बारे किपू नगरपालिकां म्हिगः गथांमुगः चःऱ्हे (साउन ४ गते) खुन्हु नगरया सकल दाफा, भजन खलःया प्रतिनिधिपिनिगु दथुइ सहलह याःगु दु। किपू, नगां, पाँगा, भाजंगः, यरवः, च्वबहाःया थीथी दाफा भजन खलःया प्रतिनिधिपिंसं ब्वतिकाःगु सहलह ज्याभ्वलय् सकसिनं सायाः हनेगु खँय् थःथःगु त्वालय् जुयाच्वंगु खँ न्ह्यब्वयादीगु खः। ब्वतिकयादीपिं आपाःसिनं कोभिड-१९ यात ध्यानय् तया झीगु तजिलजि नं मन्हनी कथं न्ह्याकेमाःगु सुझाव बियादीगु खः।

किपू नगरपालिका सामाजिक विकास शाखाया प्रमुख अनुज प्रधानं न्ह्याकादीगु ज्याभ्वलय् नगरपालिकाया भाषा, संस्कृति, पर्यटन समितिया कजिलिसें वडा नं. २ या अध्यक्ष रमेशमान डंगोलं थःगु नुगः खँ तयादीगु खः। ज्याभ्वलय् न्ववानादिसें नगरपालिकाया प्रमुख रमेश महर्जनं आःया इलय् कोरोनाया स्वंगूगु चरण अझं नेपालय् मथ्यंनिगुलिं यक्व ग्यायेम्वाःगु न्ह्यथनादिसें सतर्क चाहिँ जुइमाःगु धयादिल। कोरोनाया लागिं हे देसं अर्बौं धेवा फुके धुंकूगुलिसें नगरपालिकां नं करोडौं धेवा फुके धुनागु धयादिसें सतर्क जुयाः झीगु तजिलजि नं न्ह्याकेमाःगु खँ धयादिल। गथांमुगःनिसें हे झीगु तजिलजि कथं पिहाँ वयेमाःगु लाखे तजिलजि ल्यंकाःतयेत जक पिकायेगु तर हूलमूल जुइक महुइकेगु, सायाः खुन्हु मनू मदुगु छैँजःपिंसं साचा, गोसाईंचा छ्वयेगु, बाहाःचाः हिलेगु, फल्चाय् दाफा थायेगुयात सुरक्षाया उपायत नालाः निरन्तरता बीगु तर पिने थासं समेत स्वःवया हूलमूल जुइगु मू जात्रा सायाः (धेपां धे धे, तिरकूलारकू, झ्याँय् झ्याँय् पापा) मयायेत इनाप यानादिल। लिसें दाफा संस्कृतियात ल्यंकाःतयेया लागिं थगुनेनिसें दाफा थाइगु खलःयात नगरपालिकां आर्थिक ग्वहालि यानागुयात थुगुसीनं निरन्तरता बियागु न्ह्यथनादिसें दाफा भजनय् हालीगु रागयात रेकर्डिङ्ग यायेगु ज्या जुयाच्वंगु नं न्ह्यथनादिल। थथे रागयात रेकर्डिङ्गयाना एकरुपता बीफत धाःसा लिपाया पुस्तायात समेत ज्या वइगु व थुकीयात लिपिवद्ध यानां स्कूलया पाठ्यक्रमय् समेत दुथ्याके फइगु उल्लेख यानादिल।

ज्याभ्वलय् किपू नगरपालिका वडा नं १ या अध्यक्ष हर्ष महर्जन व वडा नं. ३ या अध्यक्ष राजेन्द्र महर्जनया नं ब्वति दुगु खः।

### जात्रा पर्व हनेगु बारे किपू नगरपालिकाया

## हथाय्‌गु सुचं

नेवाःतय्‌गु मौलिक नखःत गथांमुगःनिसें शुरु जुइगुलिं कोरोना भाइरस (कोभिड-१९) या हुनिं थुगु किपू नगरपालिकाय् नखःचखःलिसें सापारू (सायाः) यात गुकथं हनेगु धइगु बारे किपू नगरपालिकां गथांमुगः चःऱ्हे (साउन ४ गते) खुन्हु नगरया सकल दाफा, भजन खलःया प्रतिनिधिपिनिगु दथुइ सहलहयासें थुगु इलय् पिहाँ वइगु लाखेयात हूलमूल मयासे जक पिकायेगु, सायाः खुन्हु मनू मदुगु छैँजःपिंसं साचा, गोसाईंचा छ्वयेगु, बाहाःचाः हिलेगु, फल्चाय् दाफा थायेगुयात सुरक्षाया उपायत नालाः निरन्तरता बीगु तर पिने थासं समेत स्वःवया हूलमूल जुइगु **मू जात्रा सायाः (धेपां धे धे, तिरकूलारकू, झ्याँय् झ्याँय् पापा) मयायेगु** खँ क्वःज्यूगु जूगुलिं सकलसित जानकारीया लागि इनाप याना।

**किपू नगरपालिका**

**द्यःध्वाखा, किपू**

# किपू नगरपालिकां सिमा (वृक्षारोपण) पित






किपू नगरपालिकां वंगु साउन ३ गते सिमा पीगु (वृक्षारोपण) ज्याभ्वः याःगु दु। बागमती सभ्यता एकीकृत विकास समितिया ल्यू ग्वसालय् किपू नगरपालिका वडा नं १० य् लाःगु किपूया पूर्वय् च्वंगु राधास्वामी सत्संग ब्यास नेपाल (लेबोरेटोरी स्कूलया न्ह्यःने)या बागमती खुसी सिथय् थ्यंमथ्यं १५०० मा सिमा प्यूगु खः। थुगु सिमा डिभिजन ज्याकू येँय् नं उपलब्ध यानाब्यूगु खः।

किपू नगरपालिकाका प्रमुख रमेश महर्जनया नायःसुई जूगु ज्याभ्वलय् प्रमुख महर्जनं श्रृजनशील ज्याभ्वलय् सकलें छ्प्पं जुइमाःगु धयादिसें थुकीया बांलाःगु दसू थ्व सिमा पीगु ज्याभ्वलय् दुगु धयादिल। वा वयाः प्रतिकूल मौसमय् नं सकलें सिमा पीत भायादीगुलिं सुभाय् बियादिसें सिमा पीगु जक तःधंगु खँ मखु, थुकीयात संरक्षण यायेगु तःधंगु खँ खः धयादिल। प्रमुख महर्जनं थुकीया लागि ज्या इनां कयागु धयादिसें थ्व सिमा पी धुंकाः थुकीया संरक्षण नगरपालिकां यायेगु, थ्व सिमातयूत हुर्के यायेगु, स्याहार सुसार यायेगु राधास्वामि सत्संग ब्यास नेपालं याइगु, सकतां ज्याभःया बन्दोबस्त बागमती सभ्यता एकीकृत विकास समितिं याइगु, थ्व सिमा पीत गाः म्हुइगु सकतां ज्या नेपाली सेना जिम्मा कया याःगु अले थुकीया सुरक्षाया लागि नेपाल प्रहरीं जिम्मा काःगु लिसें सकल जनतातयूसं थुकीयात थःगु हे भाःपियाः संरक्षण यायेमाःगु न्ह्यथनादिल।

ज्याभ्वलय् किपू नगरपालिकाया उप-प्रमुख सरस्वती खड्कां लसकुस यानादीगु खःसा किपू नगरपालिका वडा नं. १ या अध्यक्ष हर्ष महर्जन, २ या अध्यक्ष रमेशमान डंगोल, ९ या अध्यक्ष गंगाराम महर्जनया लिसें जगदल गण छाउनीया प्रमुख सेनानी कर्णेल प्रमोद कुमार थापा, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिया अध्यक्ष नरेन्द्र बस्नेत, नेपाल प्राध्यापक संघया अध्यक्ष बुद्धि बहादुर थापा, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिया आयोजना प्रमुख लिला ढकाल, बरिष्ठ प्रहरी उपरीक्षक श्याम ज्ञवाली, प्रहरी नायव उपरीक्षक कीर्तिपुर वृत्त डिएसपि रुकेस तण्डुकार, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिया ईन्जिनियर कमल अर्याल लिसें राधास्वामी सत्संग ब्यास नेपालया क्षेत्रीय सचिव कृष्ण दाहालपिं पाहाँकथं भायादीगु खःसा वयूकःपिंसं नं सिमा पीमाःगुया महत्त्वया बारे थःथःगु नुगःखँ तयादीगु खः।

ज्याभ्वः किपू नगरपालिका वडा नं १० या अध्यक्ष अमन महर्जनं न्ह्याकादीगु खः।

---

कीर्तिपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं

**कोरोना बिमाको लागि सिलबन्दी प्रस्ताव प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७७/०३/२४)

विश्वव्यापी महामारीका रुपमा कोरोना भाईरसको संक्रमण नेपालमा पनि बढ्ने क्रममा रहेकोमा संक्रमणको जोखिमलाई मध्यनजर गर्दै यस कीर्तिपुर नगरपालिकाको सातौं नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रम अनुरुप नगरपालिकाका निर्वाचित जनप्रितिनिधि तथा कर्मचारीहरुको कोरोना बिमा गर्ने भन्ने भएको हुदाँ ईच्छुक ईजाजतपत्र प्राप्त बीमा कम्पनीहरुलाई तपशील बमोजिमका कागजपत्रहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यलय समयभित्र नगरपालिकाको राजश्व शाखामा रु. ११० बुझाई सिलबन्दी प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।

**तपशिल-**

१. बिमा कम्पनीका रुपमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
२. संस्था नवीकरण प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
३. वीमाका विभिन्न किसिमका स्कीमहरुको वृस्तृत विवरण ।
४. कम्पनीले प्रस्ताव पेश गर्दा आवश्यक ठानेमा अन्य विवरणहरु ।

कीर्तिपुर नगरपालिका



**प्राकृतिक सम्पदा टौदह :** कीर्तिपुर नगरपालिका वडा नं. ६ स्थित प्राकृतिक सुन्दरताले भरिपूर्ण प्राकृतिक सम्पदा टौदह । कीर्तिपुरकै सान यस टौदह संरक्षणका सन्दर्भभा भोलि साउन ६ गते मङ्गलबार विहान ७:३० बजेदेखि ८:३० बजेसम्म कीर्तिपुर नगरपालिकाकै आयोजनामा भैरहेको पेशाकर्मीहरूको खुला चौतारी नामक Zoom Software मार्फत गरिने अन्तरक्रिया कार्यक्रममा प्रत्यक्ष कुराकानी गर्ने भएकोले सहभागिताको लागि समेत हार्दिक अनुरोध गरेको छ । *तस्बिर : ज्ञानकुमार महर्जन*

## कीर्तिपुर नगरपालिका
## कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयको
### सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०७७/०३/२९)

यस नगरपालिका अन्तर्गतको तपसिल योजना सिलवन्दी बोलपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नवीकरण भएको इजाजत पत्र, सम्वन्धित स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, फर्म कम्पनी दर्ता प्रमाण पत्र, आ.ब. ०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत बोलपत्र फाराममा उल्लेखित अन्य आवश्यक प्रमाणित कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) बोलपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।
२) बोलपत्र फाराम नगरपालिका कार्यालयबाट मिति २०७७/०४/२७ गते कार्यालय समय भित्र खरिद गरी मिति २०७७/०४/२८ गते मध्यान्ह १२:०० बजे सम्ममा नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ । दर्ता भएका सिलबन्दी बोलपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा मिति २०७७/०४/२८ गते अपरान्ह २:०० बजे खोलिनेछ । निर्माण व्यवसायी वा वारेसको उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।
४) सिलबन्दी बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
५) सिलबन्दी बोलपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको हकमा कम्तीमा १२० दिन मान्य अवधी रहेको बैंक जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।
६) बोलपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।
७) बोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरकार्यपालिकाको कार्यालयको website www.kirtipurmun.gov.np र सूचना पाटीमा टाँस गरिएको छ ।
८) यस बोलपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ ।
९) बोलपत्र स्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | बोलपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|
| १. | KRM – 51/076/077 | ढल्पा गणेशस्थान ( कार:ध सडक बाटो ढलान (बाँकी) | २८,०७,४७२।०० | ३०००।- |

## सूचना ! सूचना ! !

कीर्तिपुर नगरपालिकाले नगरपालिकाको अमल्सि स्थित नयाँ भवनमा हल बनाउने र नगरपालिकाले बनाएको पीसीआर ल्याव सञ्चालनार्थ पीसीआर ल्याव मेशिन खरीद गर्न नेपाल समाचार पत्रमा बोलपत्र आह्वानको सूचना समेत प्रकाशित गरिसकेकोले सो बोलपत्र हेर्नु हुन समेत हार्दिक अनुरोध गरिन्छ । थप जानकारीका लागि नगरपालिकाको वेवसाइट www.kirtipurmun.gov.np हेर्नुहुन समेत अनुरोध गरिन्छ ।

**कीर्तिपुर नगरपालिका**
देवढोका, कीर्तिपुर
फोनः ४३३११८९

# असल छिमेकी नेपालद्वारा नेपाल कभर परियोजना कार्यक्रम सञ्चालन

टङ्क ढुङ्गाना



कोरोना सङ्क्रमणको विश्वव्यापी महामारी र लामो समयको बन्दाबन्दीले समुदायको दैनिक जनजीवनलाई पार्ने प्रभावको अवस्थालाई मध्यनजर गरी कीर्तिपुर नगरपालिकासँगको सहकार्यमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक, प्राविधिक सहयोग र असल छिमेकी नेपालले सञ्चालित नेपाल कभर परियोजना सञ्चालन गरेको छ । कीर्तिपुर नगरपालिकाभित्र रहेका अति विपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, विस्थापित समुदाय र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको दर्ता सूचीमा रहेका बालबालिकालाई मध्यनजर गरी यो कार्यक्रम गरिएको छ ।

यस परियोजनाले हालै कीर्तिपुर नगरपालिकास्थित त्रिभुवन विश्वविद्यालयको परिसरमा रहेको कीर्तिपुर क्वारेन्टिन व्यवस्थापन समितिलाई खाद्यान्न तथा सरसफाइका सामग्री हस्तान्तरण गरेको छ । कीर्तिपुर नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काको समुपस्थितिमा उक्त सामग्री व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र महर्जनलाई हस्तान्तरण गरिएको थियो । कीर्तिपुर नगरपालिकाभित्र रहेका सबै वडाका विपन्न समुदायका अति विपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, विस्थापित समुदाय र दर्ता सूचीमा रहेका वालवालिकाहरूका अभिभावकहरूलाई लक्षित गरी ८७० व्यक्तिहरूलाई प्रतिव्यक्ति ३० के.जी. चामल, ३ के.जी. दाल, २ के.जी. चिनी, २ लिटर तेल, ४ थान साबुन र २ के.जी आयोनुन वितरण गरिएको थियो । लकडाउनका कारण समुदायका व्यक्तिहरूको रोजगारी गुमेको अवस्थामा सञ्चालन गरिएको यो कार्यक्रम निकै प्रभावकारी भएको समुदायका व्यक्तिहरूले प्रतिक्रिया दिएका छन् ।

कीर्तिपुर नगरपालिका वडा नं.४ का स्थायी वासिन्दा सान्ता थापा एकल महिला हुनुहुन्छ । असल छिमेकी नेपालबाट खाद्यान्न सहयोग प्राप्त भएपछि उहाँ निकै खुशी हुँदै भन्नुभयो:- “बन्दाबन्दीको यो समयमा मैले मेरो परिवारका २ छोरी र १ छोरा साथै आफूलाई दैनिक खाद्यान्नको जोहो गर्न निकै कठिनाई भएको यो समयमा असल छिमेकी नेपालबाट प्राप्त खाद्यान्न सहयोगले मेरो पविारलाई निकै सहयोग पुगेको छ, अब विस्तारै लकडाउन सहज होला र दैनिक ज्याला मजदुरी गरेर भए पनि मेरो परिवारको जीवन यापनमा सहज बनाउने प्रयास गर्नेछु । यो सहयोगको लागि वर्ल्ड भिजन इन्टनेशन नेपाल र असल छिमेकी नेपाललाई धैरे धन्यवाद र आभार व्यक्त गर्दछु ।”

सह-चालकको पेशा गरिरहेका तर लकडाउनको समयदेखि नै रोजगारी गुमाएका कीर्तिपुर नगरपालिका वडा नं ६ का स्थायी वासिन्दा अर्जुन डंगोल भन्छन्:-“मैले मेरा छोराछोरीलाई राम्रोसँग खानदिन पनि निकै धौ धौ भएको थियो, असल छिमेकी नेपालबाट सञ्चालन भएको यस किसिमको कार्यक्रमले सङ्कटको बेला हामीलाई ज्यान जोगाउन सहयोग गरेको अवस्था छ । राहत कार्यक्रम सञ्चालन भएर मलाई मेरो परिवारको जीविकोपार्जनको लागि धैरै ठूलो सहयोग भएको छ । अब लकडाउन पनि बिस्तारै खुकुलो होला, अनि ज्याला मजदुरी गरेर पनि जीवनयापनमा सहज बनाउने प्रयास गर्नेछु ।”

यसैगरी अति विपन्न वर्गको व्यक्तिहरूलाई आफ्नो व्यवसाय निरन्तर सञ्चालन तथा सहयोग कार्यक्रम अर्न्तगत ३९ जना विपन्न समुदायका महिला तथा पुरुषलाई प्रति व्यक्ति करिव रु.३१ हजार बरावरको जीविकोपार्जनमा सहयोग हुने विभिन्न सामग्री सहयोग गरेको छ । जसले अति विपन्न वर्गका समुदायलाई बन्दाबन्दीको समयमा पनि आफ्नो उद्यम व्यवसाय गर्न सहयोग पुग्ने सामग्री वितरण गरेको छ । जसमा ४ वटा डीप फ्रिज, ग्याँस सिलिण्डर ८ थान, सिलाई मेशिन २ थान, पिको मेशिन १ थान, लक मेशिन १ थान, सिलाई धागो २६ पाकेट, पानी तान्ने पम्प १ थान, पाइप ६ रोल, कम्प्रेसर मेशिन १ थान, तरकारी विक्रीको लागी उपयोग हुने क्रेट ३५ थान, मोविल ८४ लिटर (मोटरसाईकल मर्मत केन्द्रको लागी), छाला जुत्ता व्यवसाय सञ्चालनको लागि सिजी फाइवर १ रोल (२६ मिटर) पानीको जार १०३ थान, कपडा (सुति, रेवन, ब्लाउज) ६२३ मिटर, लगायत अन्य किराना पसलका सामग्री पनि वितरण गरिएको थियो । जसले गर्दा ३९ जना महिला तथा पुरुषहरू स्वरोजगारी भएका छन् ।

कीर्तिपुर नगरपालिका वडा नं. ८ पाँगामा मासु पसल गर्ने अनिता खड्गी भन्नुहुन्छ :- “विगत २ वर्ष देखी असल छिमेकी नेपालद्वारा गठन भएको लाछी बचत समूहमा सदस्यको रुपमा आवद्ध रहेको थिएँ र मैले आफ्नो परिवारको आम्दानीको श्रोत बढाउन सामान्य मासु पसल सञ्चालन गरिरहेको थिएँ । मासु भण्डारण गर्ने फ्रिजको अभाव भएकोले मेरो पसल सञ्चालनमा कठिनाई भएको थियो । हालै असल छिमेकी नेपालद्वारा अति विपन्न वर्गका व्यक्तिलाई सहयोग कार्यक्रम अर्न्तगत मैले २०० लिटर क्षमताको फ्रीज सहयोग पाएको छु । यसले मलाई मेरो व्यवसाय राम्रोसँग सञ्चालन गर्न ठूलो सहयोग भएको छ । आगामी दिनमा म गुणस्तरीय मासु पसल सञ्चालन गर्नेछु र उपभोक्तालाई सन्तुष्ट बनाउने प्रतिवद्धता गर्नेछु ।”

यसैगरी कीर्तिपुर नगरपालिका भित्र रहेका कृषि तथा वचत समूहका १७५ जना सदस्यहरूलाई कृषि तथा अन्य उत्पादन वृद्धिका सामग्री हस्तान्तरण भएको छ । कृषि व्यवसाय सञ्चालनको लागि प्लाष्टिक टनेल ५०० मिटर, विषादी छर्कने स्प्रेयर १० थान, रसायनिक मल ५०० के.जी, कृषि औजार ६१ थान, प्लाष्टिक टनेल निर्माण गर्नको लागी बाँस ३६ थान, ग्रिन नेट ६ थान, मिक्चर ग्राण्डर ६ थान, आइरन १५ थान, कैंचि १५ थान, प्याकिङ्ग मेशिन १ थान लगायतका सामग्री समुदायमा वितरण गरिएको छ । जसले गर्दा बन्दाबन्दीको समयमा पनि आफ्नो व्यवसाय निरन्तरता गर्न सक्नेछन् ।

नेपाल कभर परियोजना कार्यक्रम सञ्चालनको सम्बन्धमा असल छिमेकी नेपालको शहरी जीविकोपार्जन तथा फोहोर व्यवस्थापन परियोजनाका परियोजना संयोजक मनोज न्यौपाने भन्नु हुन्छ :- “कीर्तिपुर नगरपालिकासँगको सहकार्य र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक र प्राविधिक सहयोगमा विगत ३ वर्ष देखि असल छिमेकी नेपालद्वारा शहरी जीविकोपार्जन र फोहर व्यवस्थापन कार्यक्रम सञ्चालन भइरहेको थियो । कोभिड-१९को विश्वव्यापी महामारीको कारणले सरकारले बन्दाबन्दी गरेको, लामो समयको बन्दाबन्दीले समुदायमा जीविकोपार्जनमा कठिनाइ भएकोले यही अवस्थालाई मध्य नजर गरी नेपाल कभर परियोजना सञ्चालनमा आएको हो । यस परियोजनाले कीर्तिपुर नगरपालिका भित्र रहेका अति विपन्न समुदायका १,१३४ परिवार लाभान्वित भएका छन् । यस्तै मोडलको कार्यक्रम हामीले काठमाडौं महानगरपालिका वडा न. १६, बालाजुमा पनि सञ्चालन गरेका छौं । यसले समुदायलाई जीविकोपार्जनमा थोरै भए पनि सहयोग पुग्ने आशा गरेका छौ ।”

# नगर प्रमुखद्वारा मूर्ति अनावरण






कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले कीर्तिपुर नगरपालिका वडा नं. ६ पाण्डेछापमा निर्माण गरेको पूर्ण विनायक मन्दिरमा साउन ३ गते शनिवार विभिन्न मूर्तिको अनावरण गर्नुभयो । पूर्ण विनायक मन्दिर व्यवस्थापन समितिद्वारा उक्त ठाउँमा जोर गणेश, मनकामना देवी (माता), चम्पेश्वर महादेव, उन्मत्त भैरव र हनुमानको मूर्ति समेत स्थापना गरेको थियो ।

मूर्ति अनावरण गर्नुहुँदै प्रमुख अतिथि महर्जनले धार्मिक पर्यटक पनि महत्त्वपूर्ण अङ्गको रुपमा विकास भैरहेको हालको परिवेशमा सार्वजनिक जग्गामा बनाएको यस्तो मन्दिर निकै महत्त्व हुने भएकोले राम्रो काम गर्नुभएकोमा धन्यवाद् दिनुभयो । प्रमुख अतिथि महर्जनले मूर्ति अनवारण पछि भेटी पनि चढाउनु भएको थियो भने वृक्षारोपण पनि गर्नुभएको थियो ।

ऱ्हास भैरहेको साँस्कृतिक सम्पदालाई पुनउत्थान गरिरहेको सन्दर्भमा साँस्कृतिक सम्पदामा खर्च मात्र गर्ने होइन, यसबाट आम्दानी पनि गर्न जान्नु पर्ने बताउनुहुँदै यहीँ पनि ३ फुट जतिको बाटो बनाएर सफा पानी बगाउने र त्यसमा नाङ्गो खुट्टाले हिँडाउने गर्न सक्यो भने एक किसिमको थेरापि नै हुने हुँदा त्यसले मानिसलाई आनन्द आउनका साथै विभिन्न रोगहरू पनि निको हुने भएकोले त्यसकार्य गर्न प्रेरित गर्नुभयो ।

कार्यक्रममा वडा नं. ६ का अध्यक्ष न्हुच्छेबहादुर महर्जनले राम्रो काम गरेकोमा धन्यबाद् दिनुहुँदै राम्रो काम गर्ने ठाउँमा बजेट राख्न पनि कन्जुस्याँ नहुँने बताउनुभयो ।

नारायण थापामगरको सभापत्विमा सम्पन्न कार्यक्रममा वडा नं ६ का सदस्यहरू उत्तम नेपाल, सुनिल डंगोलले पनि आ-आफ्नो मन्तब्य राख्नुभएको थियो भने व्यवस्थापन समितिका सचिव अशोक थापाले सञ्चालन गर्नुभएको थियो ।




कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com